JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ४ गते मंगलबार ❑ 16 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## सर्वोच्च अदालतमा चार पूर्वन्यायाधीशद्वारा लिखित जवाफ पेश

रासस
काठमाडौं, ३ फागुन

पूर्वप्रधानन्यायाधीशहरूले आफूहरूले अदालतको अवहेलना नगरी संविधानले दिएको विचार र अभिव्यक्ति स्वतन्त्रताको मौलिक हकको प्रयोग गरेको सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरेका छन् ।

पूर्वप्रधानन्यायाधीशहरू मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ, सुशीला कार्की अदालतको अवहेलना सम्बन्धि मुद्दामा आज आफै उपस्थित भएर पेश गरेको लिखित जवाफमा उक्त कुरा उल्लेख भएका हुन् । चार पूर्वप्रधानन्यायाधीले प्रतिनिधिसभा विघटन असंवैधानिक भएको उल्लेख गर्दै गत पुस २४ गते विज्ञप्ति सार्वजनिक गरेको विषयलाई लिएर सर्वोच्च अदालतमा छुट्टाछुट्टै अदालतको अवहेलना मुद्दा



दर्ता भएको थियो । उक्त मुद्दामा गत माघ १५ गते न्यायाधीश डा मनोजकुमार शर्माको एकल इजलासले बाटोको म्यादबाहेक सात दिनभित्र लिखितजवाफ पेश गर्न आदेश जारी गरेको थियो । उनीहरुसँगै प्रधानमन्त्री र पूर्वसभामुख दमनाथ ढुङ्गानालाई लिखित जवाफ माग गरेको थियो । लिखित जवाफ सबैभन्दा पहिला चार पूर्वप्रधानन्यायाधीशले सर्वोच्च अदालतमा पेश गरेका हुन् ।

पूर्वप्रधानन्यायाधीशहरु रायमाझी, श्रेष्ठ र कार्कीले एउटै लिखित जवाफ पेस गर्नुभएको छ भने पूर्वप्रधानन्यायाधीश शर्माले छुट्टै जवाफ पेश गरेका छन् । चार पूर्वप्रधानन्यायाधीशको लिखित जवाफको सार उस्तै छ । जवाफमा उनीहरुले अभिव्यक्तिको स्वतन्त्रताको विषयलाई बढी जोड दिइएको छ । पूर्वप्रधानन्यायाधीशहरू रायमाझी, श्रेष्ठ र कार्कीले संयुक्त रुपमा बुझाएको जवाफमा भनिएको छ, 'हामीले कुनै कालखण्डमा न्यायपालिकाको नेतृत्व गर्न पाउनु एउटा महत्वपूर्ण अवसर थियो, जसका लागि हामीमा गर्वको अनुभूति छ । कानूनी राज्यको हिमायतीको हिसाबले सेवा गरेको आफ्नो अनुभव र पृष्ठभूमिले गर्दा हामीले संविधानको संरक्षण, संविधानावाद र कानूनी राज्यको संरक्षणको पक्षमा आफ्नो आस्थालाई अविचलित र अविकलित रुपमा प्रस्तुत गर्न चाहन्छौं ।' हामीले जारी गरेको विज्ञप्तिबाट न्याय सम्पादनको कार्यमा कसरी अवरोध भयो भन्ने कुरा निवेदनमा उल्लेख छैन । मुद्दामा सुनुवाइ हुनुअघि नै दबाव दिएको भन्ने भनाइ हो भने को कसलाई कसरी दबाव दिइयो स्पष्ट गर्न सक्नुपर्दछ, लिखित जवाफमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसले अहिले धारणा बनाउँदैन : सभापति देउवा

पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले अदालतमा विचाराधीन मुद्दामा कांग्रेसले धारणा नबनाउने बताएका छन् । कांग्रेस रुपन्देहीले भैरहवामा आज आयोजना गरेको विरोधसभामा पूर्वप्रधानमन्त्री देउवाले भने, “अदालतमा विचाराधीन मुद्दाको विषयमा हामी बोल्नु हुँदैन । अदालतले संसद् पुनःस्थापना गरे त्यहीअनुसार गरौँला, चुनाव गर भने चुनावमा जाऔँला ।”

जुलुसको आधारमा अदालतले निर्णय गर्ने हो भने किन चाहियो कानून भन्दै सभापति देउवाले कम्युनिष्टको झगडाले कांग्रेसमा समस्या शुरु भएको बताए । उनले भने, “यिनको झगडाले हाम्रो पार्टीमा समेत समस्या आइरहेको छ ।”

उनले निर्वाचन आयोगको काम प्रभावकारी नभएको टिप्पणी गरे । उनले भने, “निर्वाचन आयोग किन चुपचाप छ । कुनै पनि संसद्को विघटन भएको छ महिनाभित्र चुनाव गराउनैपर्छ तर निर्वाचन आयोगलाई वास्ता छैन ।” पूर्वमन्त्री भरतकुमार शाहले प्रधानमन्त्री केपी शर्मा ओलीले जुलुसको लागि तयारी मान्छे तयार गरेर प्रर्दशन गराइरहेको आरोप लगाए । उनले भने, “बुटवल, दरबारमार्ग र धनगढीमा रेडिमेड मान्छे जम्मा गरियो ।” सभामा कांग्रेस नेता बालकृष्ण खाँणले यो संविधानबाट कसैले पनि लोकतन्त्र, प्रजातन्त्रलाई रोक्न सक्दैन भने ।

## फेवातालको सिंसार क्षेत्रमा अतिक्रमण सुरु भएसँगै तत्काल रोक्न आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन

फेवातालको सिंसार क्षेत्रमा अतिक्रमण सुरु भएसँगै तत्काल रोक्न आग्रह गरिएको छ ।

पोखराको फेवातालको बाध मर्मत गर्न हाल तालको पानी सुकाएको मौका छोपी केही ठाँउमा सिंसार क्षेत्र अतिक्रमण गर्न थालेसँगै त्यस कार्यलाई अविलक्व रोक्न गण्डकी प्रदेश सभा सदस्य( सांसद) रामजी प्रसाद बराल (जीवन)ले माग गरेका छन् ।

बाध बनाउने नाममा फेवातालको सिंसार क्षेत्र अतिक्रमण हुने कार्य कुनै हालतमा राम्रो नभएकोले त्यस तर्फ सरोकार पक्षको अविलम्ब ध्यान जानुपर्ने उनको भनाई छ । बाध मर्मत हुने समयमा सिंसार क्षेत्र अतिक्रमणलाई प्रोत्साहन गर्न नहुने सांसद बरालले जनाए । यस विषयमा पोखरा नागरिक समाजका अगुवा रामबहादुर पौडेलले सार्वजनिक सम्पत्ति माथी कसैले अतिक्रमण गरे त्यसलाई महानगरले कारवाही गर्नु पर्ने बताए । उनले भने “हामीले फिर्के पुल देखि नागरिक समाजबाट सार्वजनिक सम्पत्ति संरक्षणको अभियानमा लागेका छौं, यदि कसैले मापदण्ड विपरित कुनै संरचना बनाएको भेटिएमा हामी पनि आवश्यक कारवाही गराउन पछि पर्दैनौं ।” पोखरा महानगरका प्रवक्ता धनबहादुर नेपालीले पोखराको फेवातालमा पटक पटक अतिक्रमण बढ्दै गएकोले पुनः अतिक्रमण भए



तत्काल कारवाहीको दायरामा ल्याउने चेतावनी दिएका छन् । सार्वजनिक सम्पत्ति माथि कसैले अतिक्रमण गरेमा त्यसको संरक्षण गर्नु स्थानिय नागरिक समाजको समेत दाहित्व भएको उनले बताए । संसार क्षेत्रमा कसैले पनि स्थानिय निकाय नगरपालिका तथा महानगरपालिकाको अनुमति विना आफ्नै जग्गामा पनि माटो खन्न तथा थुपार्न पाईदैन तर फेवाताल सिरान क्षेत्र खपौदीमा भने अवैध ढंगले घर टहरा निमार्ण गर्न सुरु गएको स्थानियले बताए । पोखराका होटल व्यवसायी तुलसी नारायण श्रेष्ठले खपौदीमा केही समय अघि फलामको ट्रसबाट अस्थायी भवन निर्माण गरे पनि हाल फेवातालको पानी सुकेको मौका छोपी तालको दलदल भागबाट पर्खाल सहितको भवन निर्माणको लागि रड सहितको पिल्लरहरु समेत राखेर रातरात काम सुरु गरेको स्थानियले जनाएका छन् । करिब दुई बर्ष अघि फेवातालको सिंसार क्षेत्रमा महानगरको अनुमति विना माटो पुरेर भौतिक संरचना बनाएको भन्दै महानगरले डोजर नै लगाएर अस्थायी भवनको टहरा भत्काएको थियो । उक्त क्षेत्र आफूहरुको लालपूर्जा भएको श्रेष्ठ परिवारको दाबी छ । २ बर्ष अघि पोखरा महानगरपालिकाले मापदण्ड विपरित निर्माण भएको अस्थायी घर सहितको टहरा भत्काए पनि हाल उक्त स्थानमा आर्सिसि सहितको भवन निर्माणको काम रातरात सुरु भएको स्थानिय स्थानियले बताए ।

पोखरा सेदीबगरका एक युवा व्यवसायी किशोर दाहालले फेवातालको किनारामा दलदल जमिनको भाग हाल रातरात पुरेका छन् । कृषि क्रान्ति गर्न दलदल भागमा हाल माटो राखेर जमिनको भाग सम्माएको उनले बताए । यसै बर्ष देखि उत्त जमिनमा मकै लगाउने तयारी गरेको दाहालले जनाए ।

फेवातालको बाधको रबरशिल र लन्चिन एप्रोन(शुसन) पानीले खिएका कारण बाधबाट पानी चुआवट भएकोले त्यसको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सत्तामा बसेर राज्यशक्ति र श्रोत दुरुपयोग नगर्न कास्कीका नेताहरुको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन

सत्तामा बसेर राज्यको शक्ति र श्रोत दुरुपयोग नगर्न कास्कीका केही राजनीतिक दलका नेताहरुले आग्रह गरेका छन् ।

रेडियो अन्नपूर्णले सोमबार रेडियोमा आयोजना गरेको वर्तमान राजनीतिको अबस्थाको बारेमा कास्कीका नेताहरुसंगको सामुहिक छलफल कार्यक्रम द राउण्ड टेवल मा सहभागि कास्कीका नेताहरुले सत्तामा बसेका प्रधानमन्त्री र मन्त्रीहरुले विभिन्न नाममा जनतालाई भेला गर्ने गरी सत्ताको शक्ति र श्रोत दुरुपयोग नगर्न आग्रह गरेका हुन् । आर्थिक विकास र समृद्धिको नारा दिएको सरकारले हाल ३ बर्ष पुरा हुन नपाई पुनः संसद विघटन हुनु र दिन दिनै जसो सभा सम्मेलन तथा सडकमा आन्दोलन हुनुले देशलाई थप अस्थिरता निम्तिएकोमा नेताहरुले चिन्ता समेत व्यक्त गरेका छन् ।

कार्यक्रममा बोल्दै नेकपा (दाहाल/नेपाल समुह) का नेता बखानसिंह गुरुङले आफुहरु संविधानको रक्षाको लागि र प्रतिगमन विरुद्ध बाध्य भयर सडकमा उर्त्रिन परेको दाबी गरेका छन् । उनले भने “पार्टी भित्रको बिबाद पार्टी भित्रै आफ्नै घर भित्रै बसेर मिलाउनु पर्थ्यो तर आज प्रधानमन्त्री ओलीले तानाशाह प्रबृत्ति अपनायर देशलाई अस्थिरता तिर लैजाने अनिर्णयको बन्दि बनाउने काम गर्नु भएको



छ ।” संसद विघटन गर्नु गलत कार्य बिरुद्ध आफुहरु बाध्य भयर सडकमा ओर्लिनु परेको नेता गुरुङको भनाई छ । प्रधानमन्त्री ओलीले जनता सामु गरेको विश्वास माथि ठुलो घात गरेको उनको आरोप छ । प्रधानमन्त्री र सरकारमा बस्ने मन्त्रीहरु आफ्नो पार्टीको स्वार्थको लागि सडकमा आउनुले राज्यको सत्ताको चरम दुरुपयोग भएको नेता गुरुङको आरोप छ ।

कार्यक्रममा बोल्दै नेकपा (ओली समुह) का कास्की अध्यक्ष एवं गण्डकी प्रदेश सभा सदस्य कृष्ण थापाले प्रधानमन्त्री ओलीले संसद विघटन नगरेको भए देश आजको भन्दा बढी अराजक तर्फ जाने बताए । दाहाल नेपाल समुहले प्रधानमन्त्री ओलीलाई अविश्वासको प्रस्ताप लगेर प्रधानमन्त्रीलाई हटाई देशमा अराजक र थप अस्थिरत निम्ताउन खोजेको उनको आरोप थियो । कांग्रेसले बिरोध गरे पनि चुनावमा जानको लागि तयारी सुरु गरेको सांसद थापाले बताए । कांग्रेस सांसदले निर्वाचन पूर्वाधार विकासको रकम दुरपयोग गरी सिरक र खोल लगायतका बस्तु खरिद गरी दुरुपयोग गरेको सांसद थापाको आरोप थियो । अझै पनि दाहाल नेपाल समूहले आत्मआलोचना गरी आएमा पार्टी एक भएर अघि बढ्न सक्ने सम्भावना रहेको उनको भनाई थियो । नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले प्रधानमन्त्री केपी शर्मा ओलीले राज्यको शक्ति दुरुपयोग गरी आफ्नो पार्टीको स्वार्थको लागि जनताको काम नगरी सडकमा आएको आरोप लगाए । सत्तामा बस्ने अनि राज्यको सेवा सुविधा लियर पार्टीको कार्यक्रममा अन्यत्र जाने प्रधानमन्त्रीको कदम तत्काल सच्चिनु पर्ने उनको भनाई थियो । उनले भने “प्रधानमन्त्री सवैको अभिभावक हो नी, उहाँले त बलुवाटार, सिंहदरवारबाटै देश र जनताको हकहितमा काम गर्नु पर्नेमा सत्ताको दुरुपयोग गरेर देश दौडामा सडकमा जाने, २०४६ सालमा पूर्व राजा वीरेन्द्र साहको जस्तै शैलि अपनायर प्रधानमन्त्री ओलीले झल्को दिएको छ ।” संसद विघटनको बिरोधमा कांग्रेस पनि चरणबद्ध रुपमा देशै भरी आन्दोलन गर्दै आएको नेता केसीको भनाई छ । प्रधानमन्त्री ओली नेतृत्वको सरकारले ३ बर्षसम्म ल्याएको बजेटमा विकास बजेट कहिले पनि जनताले चाहे अनुसारको खर्च गर्न नसकेको उनको आरोप थियो ।

जनता समाजवादी पार्टी कास्कीका अध्यक्ष गिरीप्रसाद गुरुङले देशमा अस्थिरता र अराजकता बढ्ने खतरा बढेकोले अब देशका सबै राजनीतिक पार्टी एक भई प्रतिगम विरुद्ध लाग्नु पर्ने बताए । राजनीतक नेतामा नैतिकवान गुम्दै गएको टिप्पणी गर्दै उनले नैतिकवान हुन आग्रह गरे । प्रधानमन्त्री ओलीको कदम बिरुद्ध सयुक्त मोर्चा बनायर शसक्त आन्दोलन गर्नुपर्ने समय आएको नेता गुरुङको भनाई थियो ।

रेडियो अन्नपूर्णका अध्यक्ष विश्वशंकर पालिखेले रेडियोले सोमबारदेखि साप्ताहिक रुपमो समसामयिक रुपमा सामुहिक छलफल कार्यक्रम द राउण्ड टेवल कार्यक्रम सुरु गरिएको बताए । उनले रेडियोले जन–चहाना अनुसारका थप कार्यक्रम समेत संचालन गर्दै जाने बताए । कार्यक्रमको संचालन रेडियो अन्नपूर्णकर्मी बासुदेव मिश्रले गरेका थिए ।




# राखेपद्वारा गण्डकी प्रदेशमा नौ खेल पूर्वाधार निर्माण सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**

राष्ट्रिय खेलकूद परिषद्(राखेप)ले गण्डकी प्रदेशका विभिन्न जिल्लामा नौ खेल पूर्वाधार निर्माणका लागि सम्झौता गरेको छ।

राखेप सदस्य सचिव रमेशकुमार सिलवाल र सम्बन्धित उपभोक्ता समितिका बीचमा आइतबार पोखरामा सम्झौता भएको हो। बजेट कार्यक्रममा परेका पूर्वाधार निर्माणका लागि यसअघि राजधानी गएर सम्झौता गर्नुपर्नेमा यसपटक सम्बन्धित प्रदेशमै निर्माण सम्झौता कार्यक्रम गरिएकाले उपभोक्ता समितिलाई सहज भएको राखेपले जनाएको छ।

कास्कीसहित पर्वत, लमजुङ, तनहुँ, म्याग्दी, गोर्खालगायतका जिल्लामा नौवटा पूर्वाधार निर्माणका लागि स्थानीय उपभोक्ता समितिसँग रु एक करोड ९५ लाख बराबरको सम्झौता गरिएको पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले जानकारी दिए। पोखराको ज्येष्ठ नागरिक बहुउद्देश्यीय कभर्डहल निर्माणका लागि राखेपले रु ५० लाख उपलब्ध गराउने भएको छ। रु ५५ लाख ६३ हजार ८६ लागत अनुमान रहेकामा बाँकी रकम समितिले व्यहोनुपर्ने सम्झौतामा उल्लेख छ। लमजुङको राइनास नगरपालिका-६ स्थित गौलीटार रङ्गशाला निर्माणका लागि राखेपले रु ५० लाख उपलब्ध गराउने भएको छ। सो रङ्गशालाको लागत अनुमान रु ५५ लाख ९२ हजार १६१ छ। लमजुङ कभर्डहल निर्माणका लागि रु १० लाख, म्याग्दीको बेनी रङ्गशाला निर्माणका लागि रु १० लाख, पर्वतको कुश्मा कभर्डहल निर्माणका लागि रु १० लाख, तनहुँको चिन्टुटार रङ्गशाला निर्माणका लागि रु १० लाख, म्याग्दीको रत्नेचौर बहुउद्देश्यीय खेल मैदानका लागि रु १० लाख, बागलुङमा मदन भण्डारी कभर्डहल निर्माणका लागि रु १० लाख र गोरखा रङ्गशाला स्तरोन्नतिमा रु १० लाख उपलब्ध गराउने गरी सम्झौता गरिएको छ।

सम्झौतामा सम्बन्धित उपभोक्ता समितिले तोकिएको काम आगामी विसं २०७८ वैशाख मसान्तभित्र सम्पन्न गरी सक्नुपर्ने छ। सम्झौता कार्यक्रमका अवसरमा राखेप सदस्यद्वय राजेशकुमार गुरुङ र रेनुका श्रेष्ठ, विभागीय प्रमुखद्वय कुलबहादुर थापा र अर्जुन विक सहभागी रहेका थिए। राखेपको आयोजनामा गण्डकी प्रदेशको खेलकूद अभिमुखीकरण कार्यक्रम आइतबारदेखि पोखरामा शुरु भएको छ। कार्यक्रममा वाग्मती प्रदेशका विभिन्न जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुख, ओलम्पियन, अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी, भेट्रान खेलाडी र स्थानीय खेल सङ्घका प्रतिनिधि गरी १४९ को सहभागिता रहेको थियो।

कार्यक्रममा सदस्यसचिव सिलवालले गण्डकी प्रदेशलाई खेलकूद पर्यटनको शहरका रूपमा विकास गर्ने योजनाअनुसार पूर्वाधार निर्माणमा लगानी वृद्धि गरिएको बताए। कार्यक्रमको पहिलो दिन सदस्यसचिव सिलवालले खेलकूद व्यवस्थापन, डा ज्ञानेन्द्रविक्रम शाहले 'स्पोर्ट्स मेडिसिन', सागमा कराँतेतर्फ स्वर्णधारी सुलोचना सिजख्वाले खेल मनोविज्ञान, रमन नेपालीले खेल उत्प्रेरणा, राजेन्द्ररत्न तुलाधरले 'फिटनेस' र र सकुना देनीले 'मेन्टल ट्रेनिङ एन्ड स्पोर्ट्स पर्फमेन्स' बारे जानकारी गराएका थिए। राखेपले यसअघि देशका अन्य छ प्रदेशमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको जनाएको छ। कार्यक्रम आज समापन हुनेछ।

# लेकको आलु पहाडको मुख्य हिउँदे खेती

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**

झण्डै साढे तीन दशकको अन्तरालमा लेकबाट ल्याइएको आलुको बीउबाट शुरुआत गरिएको कास्कीको आलुखेती पछिल्ला वर्षमा हिउँदे खेतीको मुख्य पहिचान जस्तै बनेको छ। मुस्ताङको लेतेबाट ल्याइएको वर्षे सेतो आलुका साथै कास्कीको घान्द्रुक र छोम्रोङबाट ल्याइएको रातो डल्ले आलुको बीउ लगाएर जिल्लाका हेम्जामा शुरु गरिएको आलु खेतीले पछिल्ला दिनमा जिल्लामा नै व्यावसायिक रुप लिएको हो।

तीन दशकअघिसम्म फाट्टफुट्ट हुने गरेको आलुखेती पछिल्ला वर्षमा जिल्लाका हेम्जाका साथै विभिन्न स्थानमा विस्तार भएको कृषक बताउँछन्। हेम्जाको आलु देशका प्रमुख शहरमा बिक्री हुने गरेको छ। आलुखेती प्रतिको बढ्दो आकर्षणसँगै हेम्जा आलु गाउँका रुपमा परिचित बनिसकेको छ। कास्की र आसपासका क्षेत्रमा हेम्जाको आलुको माग बढेसँगै यसले विस्तारै व्यावसायिक रुप लिँदै गएको हो।

स्थानीयवासीका अनुसार २०४५/४६ सालदेखि हेम्जामा केही मात्रामा आलुखेती विस्तार भई २०५४/५५ सालयता क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले आफ्नो बाह्य अनुसन्धानस्थल स्थापना गरेपछि यो ठाउँ आलुखेतीका लागि प्रसिद्ध बन्दै गएको हो। हेम्जामा आलुखेतीको बढ्दो विस्तारसँगै यसको विशिष्टिकृत पहिचानमा सहयोग पुऱ्याउने लक्ष्यका साथ विगत १० वर्षयता लगातार आलु महोत्सव गर्दै आइएको अगुवा कृषक चित्रनाथ पौडेलले जानकारी दिए। 'सुन्दर ठाउँ हेम्जा जाउँ, आलुका स्वादिष्ट परिकार खाउ, आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ गर्दै आइएको आलु महोत्सव अघिल्लो वर्ष कोरोना महामारीका कारण प्रभावित भएको र यस वर्ष पनि हुने अवस्था नदेखिएको उनले बताए। विसं २०६६ फागुनमा पहिलो पटक एक दिवसीय प्रथम आलु महोत्सव गरिएको हेमजामा त्यसयता लगातार रुपमा महोत्सव हुँदै आएको छ। आलु खेतीको विस्तार हुँदै जाँदा नार्कअन्तर्गत क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले यस गाउँलाई औपचारिक रुपमा नै आलु गाउँका रुपमा परिचित गराएको हो। आलु खेतीका साथै व्यावसायिक कृषिमा सर्वसाधारणको आकर्षण बढे पनि राज्यबाट पाउने सेवा सुविधाबाट वास्तविक कृषक अझै पनि वञ्चित हुने गरेको उनको भनाइ छ। "वास्तविक कृषक राज्यबाट पाउने सेवा सुविधा लिनका लागि सम्बन्धित ठाउँसम्म पुग्नसमेत सक्दैनन्", राष्ट्रिय कृषक महासङ्घका केन्द्रीय उपाध्यक्षसमेत रहनुभएका पौडेलले भने, "कानूनी र प्रक्रियागत जटिलताका कारण वास्तविक किसान सम्बन्धित ठाउँमा पुग्न नसक्ने अवस्थामा कागजी प्रक्रिया मिलाएर सेवा सुविधा लिनेले भने निरन्तर लिइरहेका छन्।" वास्तविक कृषकले राज्यबाट सेवा सुविधा प्राप्त गर्न सक्ने किसिमका राज्यका नीतिनियम तथा कानून व्यवहारिक बनाइनुपर्ने उनले जानकारी दिए। स्थानीय विष्णुपादुका क्लबले गर्दै आएको महोत्सवले पनि हेम्जाको आलुको चर्चा देश विदेशमा हुने गरेको र देशका प्रमुख शहरमा ब्राण्डिङजस्तै बनिसकेको छ। पछिल्ला वर्षमा बजारमा अन्य स्थानको आलु पनि हेम्जाको आलु भनेर ग्राहकलाई झुक्याएर बिक्री गर्ने गरिएको कृषक बताउँछन्। हेम्जाका साथै लेखनाथ क्षेत्रका गगनगौँडा, मालमूल, राजाचौतारा, बागमारा, अर्मला आदि स्थानमा पनि आलुखेती विस्तार हुने गरेको स्थानीय कृषकले जनाएका छन्।

एक दशकयता कास्कीको तल्लो गगनगौँडा, मालमूललगायतका स्थानमा कृषक आलु खेतीतर्फ आकर्षित बन्ने गरेका छन्। पोखरा ३२ को सिमाना जोडिएको तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबैँसीलगायतका स्थानमा पनि आलु खेतीतर्फ आकर्षण बढ्दै गएको हंशबाहिनी माविका शिक्षक ठाकुरप्रसाद खनालले जानकारी दिए। आलुको उत्पादन बढ्दै जान थालेपछि यसतर्फको आकर्षण पनि बढ्दै गएको उनको भनाइ छ। जिल्लामा उत्पादित आलु कृषकले थोक मूल्यमा बिक्री गर्दा प्रतिकिलो ३५ रुपैयाँ पाउने गरेका छन् भने खुद्रा मूल्य ४० रुपैयाँ पर्ने गरेको छ। कृषक र उपभोक्ताबीचको दूरीका कारण उपभोक्तासम्म पुग्दा आलुको मूल्य प्रतिकिलो लगभग ५० रुपैयाँ पर्ने गरेको छ।

जिल्लामा एमएस ४२, कुफ्रज्योति, खुमल लक्ष्मी, जनकदेव, खुमल सेतो र डेजीरे जातका आलु लगाउने गरिएको छ। पछिल्ला वर्षमा एमएस ४२ जातको आलु अत्याधिक रुपमा लगाउने गरिएको छ। कृषि कार्यालयको तथ्याङ्क अनुसार कास्कीका हेम्जालगायतका आलुको राम्रो उत्पादन हुने स्थानमा आलुको उत्पादकत्वप्रति हेक्टर १८ देखि २० टनसम्म हुने गरेको छ। हेम्जामा लगभग ४०० देखि ४२५ हेक्टर क्षेत्रफलमा खेती गरिएको र आलु उत्पादनबाट मात्रै वार्षिक रु २० देखि २१ करोडसम्मको कारोवार हुने गरेको जनाइएको छ। नेपालमा वार्षिक एक लाख ९५ हजार २६८ हेक्टर क्षेत्रफलमा आलुको उत्पादन २७ लाख ३० हजार २९४ मेट्रिक टन छ भने प्रतिहेक्टर उत्पादकत्व १२.४ मेट्रिक टन छ।

# आयोजकलाई 'एमेचुअर क्यासल कप'को उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**



पोखरामा सम्पन्न पहिलो संस्करणको 'एमेचुअर क्यासल कप फाईभ ए साईड फुटसल' प्रतियोगिताको उपाधि आयोजक टिम (स्पोर्टस् क्यासल) ले नै जितेको छ।

पोखरा महानगरपालिका-४ गणेशटोलमा आईतबार सम्पन्न फाईनल खेलमा फरेष्ट स्पोर्टस् फुटबल क्लबलाई ५-१ गोल अन्तरले पराजित गर्दै क्यासलले उपाधि जितेको हो। क्यासलको जितमा कप्तान आकाश थपलिया (वामे) र सरोज तामाङले समान २/२ गोलको योगदान दिए भने मनोज गुरुङले १ गोल गरे। यता फरेष्ट स्पोर्टसका लागि १ मात्र सान्त्वना गोल सरोज थिङले फर्काए।

बिजेता बनको क्यासलले उपाधिसँगै शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद २५ हजार रुपैयाँ प्राप्त गर्यो भने उपबिजेता टिम फरेष्ट स्पोर्टस्ले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद १५ हजारमा चित्त बुझायो। कुल ४६ टिमहरुको सहभागिता रहेको प्रतियोगितामा क्यासलका आकाश थपलिया सर्वोत्कृष्ट खेलाडीको हकदान बन्दै केल्मी फुटसल जुत्ता प्राप्त गरे। पुरस्कार तथा समापन समारोहका प्रमुख अतिथि समेत रहेका पोखरा महानगरपालिका १३ का वडा अध्यक्ष दर्शन लामाले युवाहरु खेलकुद सँगै समाज रुपान्तरणमा लाग्नुपर्ने धारणा राखेका थिए। बिजेता तथा उपबिजेता टिमलाई लामासँगै पर्यटन व्यवसायी राजकुमार गुरुङ, सहारा युकेका महासचिव धनु थकाली, बगर भाईखलकका कोषध्यक्ष रमेश श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए।

# इशानेश्वर महादेवको प्रचार ज्यादा गरौँ : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, ३ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले लमजुङ मध्यनेपाल नगरपालिका-७ करापुटारमा रहेको ऐतिहासिक तथा धार्मिक इशानेश्वर महादेव मन्दिरको प्रचारप्रसार गर्नुपर्ने बताएका छन्।

मुख्यमन्त्री गुरुङले आज यस मन्दिर परिसरमा धर्मशाला भवनको शिलान्यास गर्दै यस मन्दिरको विशेषताका बारेमा जानकारी गराउन आवश्यक रहेको बताए। उनले माधव र प्रचण्डले सत्ता र कुर्चीका लागि आफ्नै पार्टीका अध्यक्ष तथा प्रधानमन्त्रीलाई अविश्वासको मत प्रस्ताव गर्दै हटाउने खेलले गर्दा संसद् विघटन हुन पुगेको बताए। देश र जनताको लागि काम गरिरहेको, देश समृद्धितर्फ अघि बढाउँदै गएको प्रधानमन्त्रीलाई हटाउने खेलले गर्दा देश समृद्ध बनाउन बाधा नपुगोस् भनेर संसद् विघटन गरेर निर्वाचन गर्न लागेको र निर्वाचनले नै राजनीतिक स्थिरता, सरकारको स्थिरता र देश समृद्ध हुने उनले विश्वास व्यक्त गरे। उनले भने, "यसका लागि आगामी हुने निर्वाचन हुन जरुरी रहेको र निर्वाचन निर्धारित मितिमै हुने छ।"

त्यस्तै, संसद् विघटन विरुद्धमा सर्वोच्चमा मुद्धा परिसकेको र सर्वोच्चलाई स्वतन्त्र रुपमा काम गर्न नदिई धम्की दिने क्रियाकलाप गरेको मुख्यमन्त्री गुरुङको भनाइ छ। मन्दिर परिसरमा निर्माण हुन लागेको धर्मशाला भवनको लागि प्रदेश सरकारले रु ५० लाख विनियोजित गरेको छ। यस बजेटले यस आर्थिक वर्षभित्रै सक्ने गरी आठ वटा कोठाको एक तले भवन निर्माण हुने इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समितिका कोषाध्यक्ष गजेन्द्रराज घिमिरेले बताए। प्रदेशले आगामी आवमा पनि बजेट उपलब्ध गराउने र सोही रकमले भवन थप गर्दै जाने उनको भनाइ छ। यहाँ प्रत्येक वर्षको शिव रात्रिमा सन्तान प्राप्तिका लागि एक हजार ५०० देखि दुई हजार जनाले ठाडो बत्ती बाल्ने गरेको समितिले जनाएको छ। समितिका अनुसार यहाँ सतीदेवीको दाइने तिघ्रा पतन भएको श्रीस्वास्थानी ब्रत कथामा उल्लेख छ। यसलाई इशानेश्वर महादेवबाट र सन्तानेश्वर महादेवको रुपबाट परिचित छ।

## सर्वोच्च...

भनिएको छ। 'मुद्दा सुनुवाइ हुनुअघि कसलाई कहाँ कसरी लक्षित गरी के कस्तो दबाब दिइयो भन्ने नखुलाई दबाब दिइयो भनिन्छ भने अदालतको निर्णय गर्ने प्रक्रियाप्रति अविश्वास पैदा गर्ने चेष्टा निवेदक स्वयंले गरेको मान्नुपर्ने हुन्छ', उनीहरुको लिखित जवाफमा भनिएको छ। मनगढन्ते आरोप बोकेर अदालतमा प्रवेश गराउनु न्यायको लागि सहयोग हुन नसक्ने उल्लेख गर्दै लिखित जवाफमा भनिएको छ, 'सामाजिक क्षेत्रमा छलफलका निम्ति जारी हुने व्यक्तव्य र अदालती फैसलाको अन्तर छुट्याउन सक्नु पर्ने हो, त्यसको विपरीत विज्ञप्तिबाट आफैँले फैसला गरेको जस्तो हल्ला फिजाएको भनेको द्वेषपूर्ण छ।'

'विचाराधीन मुद्दा, सो सुनुवाई गर्ने इजलास, त्यसमा संलग्न न्यायाधीशको योग्यता, क्षमता र निष्ठामा कसरी प्रश्न उठाइएको छ ? अथवा अमुक तरिकाले अमुक निर्णय गराउन कुनै धम्की, दबाब वा अवरोध कसरी सिर्जना गरेको छ ?', लिखित जवाफमा भनिएको छ, 'विज्ञप्तिमा कुन भ्रामक र असत्य कुरा उल्लेख गरी गुमराहमा पार्ने चेष्टा गरेको छ ? संविधान र कानूनको प्रावधान वा तिनको गलत उल्लेखन वा व्याख्या के गरेको छ ? आदि प्रश्नहरुमा कहीँकतै कुनै प्रवेश नै नगरी कपोलकल्पित आरोप लगाइएको देखिन्छ।' वाक तथा अभिव्यक्ति स्वतन्त्रता तथा लोकतन्त्र एवं संविधानवादको हिमायतीहरु उपर समग्रमा आकर्षित हुन नसक्ने अवहेलनाको कारवाहीको भयको अस्त्र देखाएर नियन्त्रित समाजको नियति भोग्न बाध्य बनाउन नमिल्ने लिखित जवाफमा छ।

'अभिव्यक्ति स्वतन्त्रतालाई भयको माध्यमद्वारा तह लगाउने स्थिति रहँदैन, अहिलेको समाजको बौद्धिक चेतना त्यसरी तह लगाउन सकिने स्थितिमा छैन', लिखित जवाफमा भनिएको छ, 'हामीलाई के लाग्दछ भने संविधान, संविधानवाद, कानूनी राज्य र न्यायका सौदा गर्न नमिल्ने मूल्य र मान्यताको खिलापमा उत्खडा हुने जुनसुकै परिस्थितिको विरुद्ध उभिन जनसाधारणको मनोवल गिर्न नदिन सबैको जिम्मेवारी र जवाफदेहिता रहन्छ।'

## फेवाताल...

मर्मतको कार्य हालै जारी रहेको हुदा फेवातालको पानीको करिब २ मिटर घटाइएको छ। गत बर्ष फेवातालको बाधको अध्ययन अवलोकन सहितको प्रतिवेदन तयार गरी तत्काल बाध मर्मत गर्नु पर्ने भनी गण्डकी प्रदेश सरकारलाई राय पेश गरे बमोजिम यस चालु बर्ष बाध मर्मत कार्य सुरु भएको जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय कास्कीका डिभिजन प्रमुख कीरण आचार्यले बताए।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# सार्वजनिक जमिनको संरक्षण गर

सार्वजनिक जग्गाको संरक्षण हुन नसक्दा पहुँचका आधारमा ब्यक्तिका नाममा दर्ता हुने गरेको छ । राज्यका सबै निकाय र अंगले सार्वजनिक जमिन जनताको सम्पत्ति हो भन्ने भावना नहुँदा गलत ब्यक्तिले हडप्ने गरेका छन । सार्वजनिक जमिन हडप्ने गलत प्रवृत्ति मुलुकभर फाँगिरहेको छा मुलुकभर ७० हजार वर्गफिट सरकारी जग्गा रहेको सरकारी तथ्यांक छ। तीमध्ये २० जिल्लामा कुल ८ हजार १ सय ९२ रोपनी जमिन अतिक्रमणमा परेको छ । यी जग्गा सार्वजनिक गुठी, मन्दिर तथा सरकारी जग्गा रहेको छ । यी सबै जग्गाको मूल्य ६ खर्ब रुपैयाँ भन्द बढी हुने अनुमान छ । नेपाल भित्रिने रेमिट्यान्स रकमबराबरको जग्गा अतिक्रमणमा भएको छादेशको ठुलो रकम हिनामिना हुँदा टुलुटुलु हेरेर बस्ने स्थितिमा नेपाली समाज पुगेको छ।

यो अवस्थाले सरकारी जग्गामा रजाइँ गर्न पल्केकालाई झन् उत्साहित बनाएको छ । यस्तो गलत प्रवृत्तिलाई बेलैमा निरुत्साहित नगर्ने हो भने सरकारी जग्गा मिच्ने र व्यक्तिको नाममा पार्ने प्रवृत्ति बढ्ने निश्चित छ। सरकारी, गुठी, मन्दिर र सार्वजनिक जमिन छानबिन आयोगले छुट्टाछुट्टै रूपमा गरेको अध्ययनबाट ३३ वटा प्रतिवेदन सरकारलाई बुझाएको छ । सरकारी जग्गा भूमाफियाले सरकारी कर्मचारीलाई प्रभावित पारेर आफ्नो नाममा बनाएका छन् । राजनीतिक पहुँचका आधारमा सरकारी जग्गा अतिक्रमण गर्ने मात्रै होइन, त्यस्ता जग्गा शक्तिको आडमा जग्गा कौडीको भाउमा लिजमा लिने र पछि तोकिएको सर्तविनै फिर्ता नगर्ने गलत अभ्यास पनि भइरहेको छा सरकारी जग्गा लिजमा लगाउने गरी सरकारले ६ वर्षअघि नै कार्यनीति बनाएको थियो तर उक्त कार्यनीति कार्यान्वयनमा नै आउन सकेको छैन। जसका कारण मुलुकका सात हजार ५ सय ८५ रोपनी जग्गा सरकारी कार्यालयमातहत आउन सकेको छैन ।

विगतको लिज भंग गरेर चल्तीको भाउमा फेरि लिजमा दिने कार्यनीतिको उद्देश्य थियो । तर विगतमा उच्च राजनीतिक तथा प्रशासनिक शक्तिको आडमा जग्गा लिएकाले न जग्गा फिर्ता गरे न त फेरि सम्झौता गर्न नै आए । ढिलै भए पनि प्राप्त प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन गर्दै सरकारी, गुठी वा सार्वजनिक जस्तो जग्गा भए पनि व्यक्तिको चंगुलमा पर्न दिनु हुँदैन । अतिक्रमित जग्गा निःसर्त फिर्ता ल्याउनुपर्छ ।

यस्ता कुकृत्यमा संलग्न व्यक्तिलाई कडा कारबाही हुनुपर्छ। मिचिएको जग्गा फिर्ता ल्याउने सरकारी अभियानमा नागरिकले पनि सहयोग गर्नुपर्छ। सरकारको नराम्रो कामको विरोधसँगै सकारात्मक कामको प्रशंसा गर्दै उसका अभियान सार्थक बनाउन प्रयत्न गर्नु असल नागरिकको कर्तव्य पनि हो।सार्वजनिक जमिन त हो भनेर सचेत नागरिक नबोल्ने हो भने भूमाफिया,दलालले राज्यको ठूलो ओहोदामा बसेकालाई प्रभावमा पारेर रातारात धनी बन्नेछन् । सार्वजनिक ,सरकारी जमिन संरक्षण गर्ने जिम्मेवारी पाएकाहरुले बाटो विराउदा बालुवाटार होस या धरानको सर्दु जलाधार दलालको हुनेछ ।यस्ता प्रवृत्ति विरुद्ध आवाज उठाउने नागरिक निशानामा नपरुन भनेर नागरिक खबरदारी हुनुजरुरी छ।

# ‘विद्याकी खानी सरस्वती माता पूजा महिमोत्सव’

शिव प्रसाद गौतम



सरस्वती माता विद्याकी अधिष्ठात्री हुन् । अधिष्ठात्री भनेको देवताहरु मध्ये सबै भन्दा बढी मानिएकी देवी हुन् । कुनै वस्तु, स्थान वा कार्यकी स्वामिती वा संरक्षक, इष्टदेवी, कुलदेवी सरस्वती भगवती हुन् । सरस्वती माता विद्याकी खानी हुन् ।

शिक्षण संस्थाबाट वा स्वाध्ययनबाट हासिल गरिने ज्ञान, पढाइद्वारा आर्जन गरिने बुद्धि र कुनै विषयबारे वर्णन वा विवेचना गरिएको शास्त्र विज्ञान शिक्षा हो । सिकेर सुनेर वा अन्य कुनै पनि प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक वा व्यवहारिक विषयको बोध शिक्षा हो । विद्या वा वाणीकी अधिष्ठात्रीका रुपमा मानिएकी देवी शारदा, विद्या, भाषा र वाणी सरस्वती हुन् । श्रीपञ्चमी वा वसन्त पञ्चमीका दिन उत्साह तथा आराधनासाथ गरिने विद्याकी देवीको पूजा सरस्वती पुजा हो ।

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन सरस्वतीको पुजा गरिन्छ । देवी देवता प्रसन्न पार्न, अनुकुल पार्न वा पुण्यार्जन गर्न श्रद्धाभक्ति पूर्वक गरिने कार्य, देव देवी आदिलाई जल, फूल, अक्षता, द्रव्य नैवेध्य आदि चढाएर गरिने धार्मिक कार्य पूजा हो । आदर



सत्कार मान सम्मान, कसैलाई प्रसन्न वा अनुकुल पार्नका निम्ति गरिने आराधना, प्रार्थना पूजा हो ।

पाउ सरस्वती हामी सवैले विद्याको वरदान शरणागत छौं प्रभुका पदमा बालक हामी अजान

आज २०७७ साल माघ ४ गते माघ शुक्ल पञ्चमीका दिन (श्रीपञ्चमी) सरस्वती पूजा, वसन्त पञ्चमी, वसन्त श्रवण, रति काम पुजा र हल सारो गर्ने पर्वहरु परेको सूर्य पञ्चाङ्गपात्रोले जनाएको छ । आजको दिन विद्या आर्जन गर्नेहरुका लागि विशेष महत्वको दिन हो । श्रीपञ्चमीमा पैसाको कारोवार गरिने चलन थियो । आजकै दिन साहुले असामीलाई ऋण दिने र असामीले पनि आजकै दिन सय कडा दश रुपैयाका दरले (वार्षिक) सावा व्याज बुझाएर ऋण फरफारक गर्ने प्रचलन थियो । आजकल मलखादमा च्याउ उम्रेझै उम्रेका बैक सहकारी र ढिकुटी प्रथाले गर्दा यो प्रचलन लोप भएको छ । आफै काठमाडौंको हनुमान ढोकामा विशेषसमारोहकासाथजयदेवकवि लिखित "गीतागोविन्द"काव्यको कुनै भाग सुनाउने सुन्ने काम हुन्थ्यो । शिवका नेत्रबाट उत्पन्न अग्नीले नष्ट भएका काम देवको अर्धाङ्गनी पुराणमा वर्णित मदनकी पत्नीको पनि पूजा गरिन्थ्यो । मदन भनेका रतीका पति काम देव हुन् । आजको दिन कृषकहरुका लागि पनि विशेष महत्वको दिन हो । प्रायःवर्षे वाली लगाउने वेलामा पानी वर्षे पछि सर्व प्रथम हलो चलाउदा भूमि पूजा गरेर मनाउने उत्सव, वसन्त पञ्चमी जस्ता कृषि वर्षमा पहिला पटक हलो जोत्ने कामलाई हलसारो गर्ने भनिन्छ । कृषकहरु आजबाट वर्षा प्रारम्भ भएको मान्दछन् । आजैका दिन हली परेली गरेर आपसमा मिलेर भारा पर्म गरेर खेती गर्ने प्रचलन थियो । अहिले त कृषि प्रधान देशमा वेसाएर खाने घिन लाग्दो प्रचलन छ ।

आजै वाल वच्चाका अभिभावकले सरस्वतीको पुजा आज गरी आफ्ना शिशुलाई अक्षरारम्भ गराउँछन् । आज सरस्वती मन्दिरहरुमा मेला लाग्छ । आफ्ना वाल वच्चाहरुलाई अक्षर लेख्न लगाउनेहरुको घुइचो हुन्छ । स्कूल र क्याम्पसहरुमा पनि सरस्वतीका मुर्ति चित्रहरु राखेर पूजा आराधना गरी सरस्वतीको प्रसाद टीका लगाई प्रसाद वितरण गरेर सरस्वतीको भजन किर्तन नाचगान गरी खुसियालीका साथ सरस्वती पर्व मनाइन्छ । ॐ श्री सरस्वत्यै नमः

# जाडो मौसम स्वास्थ्यका लागि कति फइदाजनक ?

डा प्रकाश पौडेल



मौसम र स्वास्थ्यबीच एकअपासमा गहिरो सम्बन्ध हुन्छ। जाडो मौसमले धेरैजसोलाई फाइदा पुऱ्याइरहेको हुन्छ भने निश्चित रोग तथा समस्या भएका व्यक्तिहरुलाई बेफाइदा ।

शारीरिक कसरत गर्ने र खेलकुदमा रुचि राख्ने व्यक्तिहरुलाई जाडोमा विभिन्न खालका फाइदा छन् । जाडोमा शरीरले आफ्नो तापक्रम सन्तुलनमा राख्न क्यालोरी बर्न गरिराख्नुपर्ने हुन्छ। कसरत गर्नाले क्यालोरी बर्न गर्न मद्दत गर्छ। जाडोमा कसरत गर्ने मानिसको मुटु, फोक्सोको काम गर्ने क्षमता बढ्छ।

चिसोमा खेलकुदमा सक्रिय रहने, शारीरिक कसरत गर्ने मानिसको शरीरमा स्टामिना (सहनशक्ति) बढी हुने हुँदा लामो समयसम्म दौडन सक्छन् । त्यसैले खेलाडीको निम्ति जाडो मौसम फाइदाजनक हुन्छ । जाडोमा दिमाग बढ्ने हुँदा अध्ययन गर्नेहरुलाई पनि उपयुक्त मान्न सकिन्छ । जाडो मौसममा वृद्धवृद्धा, बालबालिका, छातीका बिरामीले भने विशेष ध्यान दिनुपर्छ। यस्तो अवस्थाका मानिसलाई छिटो चिसोले समात्ने गर्छ। त्यसैले व्यक्तिहरुले शरीरलाई न्यानो पारेर राख्नु पर्छ।

**जाडो मौसमका फाइदा**

-जाडो मौसममा खानामा रुचि बढ्नुका साथै निद्रा बढ्ने गर्छ।

-शारीरिक कसरत गर्ने मानिसको क्यालोरी बर्न हुनुका साथै शारीरिक क्षमताको पनि विकास हुन्छ।

-जाडोमा कसरत गर्ने मानिसको मुटु र फोक्सोको काम गर्ने क्षमता बढी हुन्छ।

-चिसो मौसममा विभिन्न कसरत गर्ने, खेल खेल्ने मानिसहरु लामो समयसम्म दौडन सक्छन्। किनभने यस्ता मनिसको शरीरमा लामो समयसम्म स्टामिना रहिरहन्छ।

-जाडो मौसमा धुलो, धुवाँबाट हुने एलर्जीबाट बच्न सकिन्छ।

-बाहिरि वातावरणमा हिँडडुल गर्ने मानिसलाई एन्जाइटी, डिप्रेसन कम हुने गर्छ।

-जाडोमा शारीरिक कसरत गर्ने मानिसको रक्तसञ्चारमा मद्दत पुग्छ।

-जाडो मौसममा रोग प्रतिरोधात्मक क्षमताको पनि विकास हुन्छ।

-अन्य बेलामा भन्दा जाडोमा दिमाग सक्रिया हुने गर्छ । पढ्ने र दिमाग लगाएर गर्नुपर्ने काममा जाडो मौसमा सफल भइन्छ।

-शारीरिक कसरत गर्नाले क्यालोरी बर्न हुनुका साथै सेतो बोसो ब्राउन बोसोमा परिणत हुने गर्छ।

-टिस्युमा हुने इन्फ्लामेसन (सुजन) पनि कम हुने हुन्छ।

-सरुवा रोगको जोखिम पनि कम हुन्छ।

-शल्यक्रिया गरेका बिरामीमा संक्रमण फैलने जोखिम कम हुन्छ।

- जोडो मौसमा अन्य समयमा भन्दा स्वास्थ्य समस्या कम हुने हुँदा अस्पतालमा बिरामीको भीड पनि कम हुन्छ। (डा पौडेल छाती रोग विशेषज्ञ हुन्)

साभारः स्वास्थ्य खबर

# मिर्गौला पीडितलाई १७ लाख सहयोग

पोखरापत्र संवाददाता

बागलुङ, ३ फागुन

मिर्गौला रोगबाट ग्रसित ताराखोला गाउँपालिका–४ का ओमबहादुर घर्तीको उपचारका लागि जनस्तरबाट रु १६ लाख ५२ हजार ७६६ सङ्कलन भएको छ ।

नवसिर्जना युवा क्लब र लोक सम्पदा अनुसन्धान केन्द्रको पहलमा सङ्कलित सो रकम आज गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीमगरसहित क्लब र केन्द्रका पदाधिकारीले संयुक्त रुपमा घर्तीकी पत्नी पद्मालाई हस्तान्तरण गरेका हुन् । वडा नं ४ का सदस्यसमेत रहनुभएका घर्तीको मिर्गौला प्रत्यारोपण गर्न अर्थाभाव भएपछि सहयोग अभियान चलाइएको क्लबका अध्यक्ष पूर्णभद्र न्यूरेले बताउनुभयो । क्लबमार्फत सञ्चालित अभियानबाट रु १४ लाख ४७ हजार ६७८ र केन्द्रमार्फत रु दुई लाख पाँच हजार ८८ सङ्कलन भएको थियो । गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जनस्तरबाट स्वतःस्फूर्त रुपमा सहयोग जुटाउन क्लब र केन्द्रले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । सहयोग अभियानमा जोडिने सबैप्रति उहाँले आभार व्यक्त गर्नुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : शारिरीक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।





# सडक छेउ र नदी किनारमा फालिएको फोहोरले प्रदूषण

पोखरापत्र संवाददाता

म्याग्दी, ३ फागुन

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा–बेनी सडकको छेउ र कालीगण्डकी नदीको किनारमा फोहोर फालिँदा स्थानीयवासी र यात्रु प्रभावित भएका छन् ।

फोहोरको दुर्गन्धले आवतजावत गर्नेलाई समस्या हुनुका साथै धार्मिक महत्वको कालीगण्डकी नदी प्रदूषित बनेको छ । फोहोर फालिने ठाउँको पुछारमा वारीबेनी लिफ्ट खानेपानी आयोजनाको मुहान छ । जलजला गाउँपालिकाको वारीबेनी बजारको फोहोर सङ्कलन गरेर वारीबेनी र लामाखेतको बीचमा पर्ने सडक छेउमा फाल्ने गरिएको छ । सडक छेउमा फालिने फोहोर हिन्दू धर्मावलम्बीको पवित्र नदी कालीगण्डकीमा समेत पुग्छ । फालिएको फोहोर नष्ट गर्न लगाइने आगोको धुँवाले बटुवा, गाडीमा यात्रा गर्ने र स्थानीयवासीलाई प्रभावित बनाएको वारीबेनीकी रञ्जता शर्माले बताउनुभयो । "नाक थुनेर हिँडडुल गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "खानेपानीको मुहान नजिकै फोहोर फाल्न ठीक भएन । फोहोरको दुर्गन्ध र प्रदूषणले समस्या बनाएको छ ।"

यसअघि स्थानीय बजार व्यवस्थापन समितिले गर्दै आएको फोहोर व्यवस्थापन गर्न केही महिनाअघि जलजला गाउँपालिकाले वारीबेनीको पिपलबोटयुवा क्लबसँग सम्झौता गरेको थियो । गाउँपालिकाले रु २२ लाखमा खरिद गरेको ट्याक्टर मर्मत, इन्धन र चालक खर्च व्यहोर्ने सर्तसहित संस्थालाई उपलब्ध गराएको छ । गाउँपालिकाले तोकेको दरअनुसार शुल्क लिने संस्थाले पालिकालाई वार्षिक रु चार लाख ८० हजार बुझाउने सम्झौता गरेको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताउनुभयो । व्यवसायी, घरधनी र भाडामा बस्नेका लागि मासिक न्यूनतम रु ५० देखि रु एक हजार १५ सम्म विभिन्न २६ वटा शीर्षकमा सेवा शूल्क तोकिएको छ । सार्वजनिक सूचना जारी गरेर प्रस्ताव माग गरी संस्था छनोट गरिएको हो । संस्थाले हाल पर्वत बेनी र बगरफाँटमा ९०० घरधनी, व्यवसायी र भाडामा बस्नेबाट फोहोर व्यवस्थापन शुल्क उठाउन थालेको छ । दैनिक तीन ट्याक्टर फोहोर सङ्कलन हुन्छ । लामाखेत, मिलनचोक र लस्ती बजारमा पनि फोहोर सङ्कलन गर्ने सम्झौता भए पनि कार्यान्वयन भएको छैन ।

फोहोर व्यवस्थापन गर्न गत वर्ष गाउँपालिकाले आटरी भन्ने ठाउँमा रु पाँच लाख खर्चेर बनाएको डम्पिङसाइट र त्यहाँ पुग्ने सडक पहिरोले भत्काएको थियो । सडक र डम्पिङसाइट मर्मत नभएकाले सडक छेउ र कालीगण्डकी किनारमा फोहोर फाल्न बाध्य भएको पिपलबोट युवा क्लबका सचिव चञ्चल जिसीले बताउनुभयो ।

"मर्मतका लागि गाउँपालिकालाई आग्रह गरेका छौँ"उहाँले भन्नुभयो,"मिलनचोक र लस्ती बजारमा पनि ट्याक्टर पठाएर फोहोर व्यवस्थापन गर्ने तयारीमा छौँ ।" मिलनचोकको फोहोर लुइदी र लस्ती बजारको फोहोर कालीगण्डकी तथा लस्ती खोलामा फाल्ने गरिएको छ ।

# अधिकांश संक्रमित उपत्यकामा

रासस

काठमाडौं, ३ फागुन

पछिल्ला दिनमा कोरोना सङ्क्रमणको दर घट्दै गए पनि सङ्क्रमितमध्ये अधिकांश काठमाडौं उपत्यकाका छन् ।

बितेको २४ घन्टामा तीन हजार ५४१ नमूना परीक्षण गर्दा १२२ सङ्क्रमित फेला परेका छन् । सङ्क्रमितमध्ये काठमाडौँ उपत्यकाका ७३ छन् । हालसम्म काठमाडौंमा एक लाख दुई हजार १७५ जनामा सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमितमध्ये एक लाख ६७३ निको भएका छन् भने ५०२ जनाको मृत्यु भएको छ । अझै पनि काठमाडौंमा एक हजार सक्रिय सङ्क्रमित रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । ललितपुरमा १४ र भक्तपुरमा ३९ सक्रिय सङ्क्रमित छन् ।

